का.जि.प्र.का.द.नं. १००/०५९/६०

१६ चैत २०७९,
बिहीबार
30 March 2023,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ६४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# मिल्यो भागबण्डा, छुट्यो रास्वपा

राष्ट्रपतिको चुनावसँगै बदलिएको सत्ता गठबन्धनका दलहरुबीच मन्त्रालयको भागबण्डामा सहमति जुटेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बुधबार साँझ बालुवाटारमा बोलाएको सत्तारुढ गठबन्धनको बैठकले मन्त्रालय भागबण्डा गरेको हो । तर संसदको चौथो दल रास्वपा भने तत्काल सरकारमा नजाने भएको छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ चैत ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आज मन्त्रिपरिषद्लाई पूर्णता दिने तयारी गरेका छन् । बुधबार साँझ सत्ता गठबन्धनका दलहरुबीच जुटेको सहमति अनुसार, प्रधानमन्त्री प्रचण्डले आज मन्त्रिपरिषद् बिस्तार गर्नेछन् ।

तर कसले कुन मन्त्रालय पाउने भन्ने चाहिँ टुंगिन बाँकी छ । बुधबार साँझ बसेको सत्तारुढ नेताहरुको बैठकले मन्त्रालय संख्यामा भने सहमति गरेको छ । सहमति अनुसार, नेपाली कांग्रेसले आठ मन्त्रालय पाउनेछ ।

> आफ्नो पार्टीलाई पाँच मन्त्रालय राखेर प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद्लाई पूर्णता दिन लागेका हुन् ।

यसअघि १० पुसमा बनेको सत्ता गठबन्धनमा नेकपा एमालेले पनि ८ मन्त्रालय लिएको थियो । अहिले कांग्रेसले पनि सोही संख्यामा मन्त्रालय पाउने भएको छ । नेकपा माओवादी केन्द्रको भागमा मन्त्रालय संख्या बढेको छ । यसअघि चार मन्त्री र एक राज्य मन्त्री रहेकोमा अब मन्त्रालय संख्या ५ पुग्नेछ ।

नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) ले दुई/दुई मन्त्रालय पाउने लगभग सहमति जुटेको स्रोतले जनायो । अरु साना दलहरुले एक/एक वटा मन्त्रालय पाउनेछ । त्यो सहमति अनुसार, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी र नेपाल समाजवादी

>>> पृष्ठ २ मा



संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस आम चुनाव सम्पन्न भएको करिब चार महिनापछि ८ वटा मन्त्रालय लिएर संसदको तेस्रो ठूलो दलको सरकारमा सहभागी हुन लागेको हो ।

**शेरबहादुर देउवा**
**सभापति, नेपाली कांग्रेस**



गत चुनावमा पराजय व्यहोरेका उपेन्द्र यादव बारा २ मा हुन लागेको उपचुनावमा भाग लिएर संसद हुने चाहना राख्छन् । वर्तमान सरकारलाई समर्थन गरेका उनी २ मन्त्रालय लिएर सरकारमा पार्टीलाई पठाउँदै छन् ।

**उपेन्द्र यादव**
**अध्यक्ष, जसपा**



रेशम चौधरीको रिहाइका लागि निरन्तर आवाज उठाइरहेको नागरिक उन्मुक्ति पार्टीले सरकारमा सहभागी हुन शर्त राखेको छ । शर्त छ- रेशमको रिहाइ ।

**रञ्जिता श्रेष्ठ**
**अध्यक्ष, नाउपा**



माओवादीसँग संयुक्त चुनाव लडेका डा. बाबुराम भट्टराईंले सरकारमा आफ्नो उपस्थिति एक मन्त्री पठाएर जनाउँदैछन् ।

**बाबुराम भट्टराई**
**अध्यक्ष, नेसपा**



चुनाव अगाडि तत्कालीन कांग्रेस र माओवादी नेतृत्वको गठबन्धनमा सामेल भएको लोसपाले गठबन्धन फेरेको छैन । त्यसकै परिणाम लोसपाले मन्त्रिपरिषदमा आफ्नो प्रतिनिधिलाई उपस्थित गराउने पक्का भएको छ ।

**महन्थ ठाकुर**
**अध्यक्ष, लोसपा**



नेकपा एमाले फुटाएर चुनाव अगाडि नै गठबन्धन बनाउन भूमिका खेलेका माधव नेपालले पार्टीलाई दुई मन्त्री दिलाएर सरकारलाई साथ दिने निर्णय लिएका हुन् ।

**माधवकुमार नेपाल**
**अध्यक्ष, एकीकृत समाजवादी**



मधेश केन्द्रित राजनीति गर्दै आएका सिके राउत आफूलाई राष्ट्रिय राजनीतिमा स्थापित गर्न प्रयास गरिरहेका छन् । उनी पनि एउटा मन्त्री र एउटा राज्यमन्त्रीका साथ सरकारमा रहने निर्णयमा पुगेका छन् ।

**सिके राउत**
**अध्यक्ष, जनमत पार्टी**



चुनावको मुखैमा एमालेले दिएको टिकट च्यातेर स्वतन्त्र चुनाव लडेका प्रभु शाहले चुनाव मात्रै जितेनन्, उनी मन्त्री नै हुने पक्का भएको छ ।

**प्रभु साह**
**अध्यक्ष, आजपा**

## वैदेशिक रोजगार विशेष

## आजदेखि साउदी आईडी नवीकरण हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ चैत

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले 'ब्लक' भएका साउदी आईडी सुचारू गर्न नेपालस्थित साउदी अरेबियाको दूतावाससँग सहमति भएको भन्दै प्रक्रिया अघि बढाउन व्यवसायीहरूलाई आग्रह गरेको छ । संघका अध्यक्ष राजेन्द्र भण्डारी, साउदी समस्या समाधान समितिका संयोजक वैकुण्ठप्रसाद पौडेल (वैभव) र दूतावासका कन्सुलर मन्सुर ए अल मन्सुरका बीचमा भएको पछिल्लो छलफलपछि ब्लक भएका आईडी नवीकरण गर्ने सहमति भएको हो । सहमतिअनुसार बिहीबारदेखि नवीकरण छुटेका म्यानपावर कम्पनीको साउदी आईडी नवीकरण हुने अध्यक्ष भण्डारीले जानकारी दिए ।

साउदी समस्या समाधान समितिका संयोजक पौडेलले साउदी आईडी नवीकरण नभएका व्यवसायीले दूतावासमा भिसा


>>> पृष्ठ २ मा

### पोर्चुगलमा नेपालीहरुको राहदानी बनाउन शुरु

**पुस्तक रेग्मी/मध्यान्ह**
पोर्चुगल, १५ चैत

लामो समयको पर्खाइपश्चात बुधबारबाट पोर्चुगलको लिसवनमा नेपालीहरुको राहदानी बनाउने कार्य सुचारु भएको छ ।

लिसवनका लागि नेपाली अवैतनिक महावाणिज्यदूत कार्यालयको समन्वय र सहजीकरणमा लिसवनको आन्जुस कनाई नजिकै नेपालको परराष्ट्र



मन्त्रालयका कर्मचारी, राहदानी विभागका कर्मचारी र फ्रान्सस्थिति नेपाली दूतावासका प्रतिनिधिको टोलीले बुधबारबाट एक महिने राजदूत सेवा शुरु गरेको हो । एक महिनाभित्र नयाँ

>>> पृष्ठ २ मा

## अनलाइन ठगी उच्च
## सरकारी संयन्त्र सुस्त

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १५ चैत ।

प्रविधिको बढ्दो पहुँचसँगै डिजिटल मिडियाबाट हुने ठगी एकपछि अर्को गर्दै बढ्न थालेको छ । स्वदेशीमात्रै नभई विदेशी नागरिकहरु समेतको संलग्नतामा ठगीका घटना बढ्न थालेका हुन् । बुधवार मात्रै अनलाइनमार्फत ठगी कार्यमा संलग्न ९ चिनियाँ नागरिकसहित १९ जनालाई प्रहरीले पक्राउ गरेको छ । उनीहरुले अवैध रुपमा अफिस सञ्चालन गर्दै ह्वाट्सएपमार्फत विभिन्न व्यक्तिसँग कुराकानी गरी उनीहरुले टेलिग्राममा अपरेशन टिचर नामक च्यानलमार्फत कक्षा सञ्चालन गरेर ठगी गरेका हुन् । उनीहरुलाई प्रहरीले पक्राउ गरेर थप छानबिन गरिरहेको छ । बुधवारको घटना त प्रतिनिधि घटना मात्रै हो, पछिल्ला दिनमा विभिन्न बहानामा नागरिकहरु अनलाईन ठगीमा पर्न थालेका छन् । चिट्ठा परेको भन्दै सर्वसाधारणहरूको गोप्य विवरणहरू प्राप्त गर्ने र त्यसको दुरुपयोग गर्दै व्यक्तिको खाताबाट रकम हिनामिना गर्ने क्रम थप बढेको छ । जसले गर्दा प्रहरीमा ठगी र गोप्य सूचना चुहावट गरेको आरोपमा उजुरी पर्ने क्रम बढेको छ । पछिल्ला दिनमा बढेको ठगीका घटनालाई मध्यनजर गरेर राष्ट्र बैंकले आफ्नो वेबसाइटमा 'गुनासो पोर्टल' मार्फत ठगीसम्बन्धी उजुरी दिन सक्ने व्यवस्था मिलाएको छ ।

नेपालमा ह्याक, क्रिप्टोकरेन्सीको नाममा सबैभन्दा धेरै रकम ठगी हुने गरेको देखिन्छ । तथ्यांक अनुसार ०७६/७७ देखि ०७९/८० को चैतसम्म डिजिटल प्लेटफर्ममार्फत ठगीको घटनामा १५ सय बढीको उजुरी परिसकेको छ । जसमा सबैभन्दा धेरै आर्थिक वर्ष ०७८/७९ मा सात सय १४ उजुरी परेका थिए भने सोही वर्ष २८ करोड नौ लाख ४२ हजार ठगी भएको प्रहरीको तथ्यांकले देखाउँछ ।

>>> पृष्ठ २ मा

VACANCY

A fair and responsible foreign recruitment organization having 18 years of expertise is requesting interested candidates to submit their application for the following positions:

1. International Marketing/ Corresponding Officer / Executive - 2 Nos
2. HR/Compliance Officer / Executive - 2 Nos

FOR BOTH POSITIONS:
- with Bachelor degree, having knowledge of basic computer skills
- experienced in recruitment industry will be preferred
- Able to start immediately

**We do fair and transparent screening . Candidates we are eligible with the above qualities can drop their CV at** contact@aakarshannepal.org **or** milan@aakarshannepal.org

*We practice equal opportunity to all applicants.*

Aakarshan International Pvt. Ltd.
**Recruiting Licence No. 609/062/063**
**Aakarshan Building, Shambu Marga**
**(Near Airport), Kathamandu, Nepal**
**Email: contacts@aakarshannepal.org**
**milan@aakarshannepal.org**

# 'आर्थिक अवस्था उकास्न सबै एकजुट हुनुपर्छ'

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १५ चैत

नेपाल सरकारका मुख्यसचिव शंकरदास बैरागीले नेपालको आर्थिक अवस्था उकास्न सबै एकजुट हुनुपर्ने बताएका छन् । बुधबार भएको नेपाल गलैँचा उत्पादक तथा निकासीकर्ता संघको पाँचौं वार्षिक साधारण सभामा मुख्यसचिव बैरागीले देशको अर्थतन्त्र बलियो बनाउन सरकार र व्यवसायी मिलेर अघि बढ्नुपर्ने बताएका हुन् ।

विश्वबजारमा व्यावसायिक प्रतिस्पर्धा बढाउन लागि व्यवसायीले उत्पादनमा जोड दिनुपर्ने उनको भनाइ थियो । स्थानीय स्तरमा उत्पादित गलैँचाको गुणस्तरीयता र मौलिकतालाई ध्यानमा राखी त्यसलाई प्रविधिमैत्री बनाउन सके उपयुक्त मूल्य पाउनसक्ने विश्वास उनले व्यक्त गरे ।

मुख्यसचिव बैरागीले व्यवसायीले चाहेको समयमा सरकार साथ दिन तत्पर रहेको जानकारी गराए । उनले सात वटै प्रदेशमा रहेका गलैँचा उद्योगहरुलाई एकरुपताका साथ अघि लैजाने नीति सरकारले अवलम्बन गर्ने आश्वासन दिलाए ।




यसैगरी नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले नेपालको गलैँचा व्यवसायलाई विश्वबजारमा छुट्टै ब्रान्ड बनाएर प्रस्तुत गर्न सके व्यवसाय फस्टाउने बताए । साथै उनले हाल गलैँचा उद्योग सरकारको पहुँचमा नपुगेका श्रमिकहरुलाई रोजगारी दिने थलो बनेको जानकारी गराए ।

'गलैँचा उद्योग अपाङ्गमैत्री बन्नुपर्छ, अर्थात् जो असक्त छन्, निरक्षर छन्, उनीहरुलाई यसमा सहभागी गराउन सक्नुपर्छ । अन्तर ाष्ट्रिय स्तरमा यो भन्न सक्नुपर्छ की यो हाम्रो देशका असक्तहरुले उत्पादन गरेको वस्तु हो, तब त्यसको महत्व बढ्छ', मल्लले भने ।

उनले देशको ब्याजदर उच्च रहेका कारण व्यवसायी मारमा पर्ने परेको पनि गुनासो गरे । ब्याजदर घटाउन सके व्यवसाय फस्टाउनेमा उनले विश्वास व्यक्त गरे । मल्लले गलैँचा उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ स्वदेशमै उत्पादन गर्न सके देशको अर्थतन्त्र समेत फस्टाउन सक्ने बताए ।

उनले सन् २०१९ अघि साढे ३४ अर्बको उत्पादन निर्यात गरेको बताए । तर हालको निर्यात ११ अर्बमा सीमित रहेकोमा उनले निराशा जनाए । अन्तर्राष्ट्रिय बजारमा र नेपालको बजारको मूल्यमा ठूलो भिन्नता रहेका कारण उत्पादित वस्तुको मूल्यमा गिरावट आएको उनको भनाइ थियो ।

यस्तै नेपाल गलैँचा उत्पादक तथा निकासीकर्ता संघका निवर्तमान अध्यक्ष रामबहादुर गुरुङले गलैँचा उद्योग नेपालकै पुरानो उद्योग भएको बताए । गलैँचाको निर्यात सन् १९५३ देखि शुरु भएको भएपनि त्यसले नेपालमा उपयुक्त बजार नपाएको गुनासो गरे । साथै गलैँचा उद्योगका लागि राज्यबाट सुहाउँदो नीति नियम तर्जुमा नभएका कारण नेपाली उद्योग मारमा पर्ने गरेको उनले बताए ।

यस्तै स्वदेशमा श्रम अनुसारको पारिश्रमिक नपाएका कारण नेपाली विदेशिनु परेको उनको ठम्याइ छ । नेपालको व्यावसायिक समस्या समाधान गर्न सरोकारवालाले प्रत्यक्षयरुपम व्यवसायीसँग अन्तरक्रिया गर्नुपर्ने अभिव्यक्ति उनले राखे । देशको राजनीतिक स्थिरता, आर्थिक मन्दीका कारण पनि सरकारले उद्योगतर्फ ध्यान दिन नसकेको गुरुङको गुनासो थियो ।

संघका अध्यक्ष तेन्जिङ शेर्पाले गत वर्षमात्रै ११ अर्ब भन्दा बढीको उत्पादन निर्यात गरेको जानकारी दिए । उनले वस्तुको मूल्य अत्यधिक भएका कारण पनि अन्तर्राष्ट्रिय जगतमा प्रतिस्पर्धा गर्न नसकेको र त्यसलाई न्यूनीकरण गर्न आवश्यक रहेको औंल्याए । एक लाख भन्दा बढी व्यक्तिलाई रोजगारी दिएको संघले कार्यक्रममा व्यवसायमा सहयोग गर्ने विभिन्न कम्पनीलाई सम्मान गरेको थियो ।

# कोरोनाका सक्रिय संक्रमितको संख्या १ सय नाघ्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ चैत

नेपालमा केही दिन यता कोरोना संक्रमितको संख्या ह्वातै बढेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बुधबार मात्रै थप ३४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । मन्त्रालयका अनुसार एक हजार ३ सय ३० जनामा गरिएको परीक्षणमा ३४ जनामा कोरोना संक्रमण देखिएको हो । यो सँगै नेपालमा सक्रिया संक्रमितको संख्या एक सय ३ पुगेको छ । यसअघि १३ चैतमा ६९ जनामा र १४ चैतमा २४ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो ।

**बेवास्ता नगर्न आग्रह**

स्वास्थ्य मन्त्रालयले कोभिड-१९ सङ्क्रमणलाई रुघाखोकी भनेर बेवास्ता नगर्न आग्रह समेत गरेको छ । सूचना जारी गर्दै अहिले कोरोना भाइरस सङ्क्रमण र रुघाखोकीको लक्षण मिल्दाजुल्दा देखिएकाले सङ्क्रमणलाई रुघाखोकी भनेर बेवास्ता नगर्न आग्रह गरेको हो ।

मन्त्रालयले ज्वरो आउने, खोकी लाग्ने, हाच्छिउँ आउने, नाकबाट सिँगान बग्ने, टाउको दुख्ने, घाँटी दुख्ने वा खसखस हुने, गन्ध थाहा नहुने, थकान महसुस हुनेजस्ता रुघाखोकीका लक्षण देखिए भने कोरोना भाइरसको परीक्षण गराउन आग्रह गरेको छ । भारतको उत्तरप्रदेशमा कोरोना भाइरसको सङ्क्रमण बढेसँगै नेपालमा पनि कोरोना भाइरसको सङ्क्रमण ह्वात्तै बढेको छ । मन्त्रालयले कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि अतिरिक्त मात्रा (बुस्टर डोज) सबैलाई लगाउन निर्देशन दिएको छ । मन्त्रालयका सहप्रवक्ता डा.समीरकुमार अधिकारीका अनुसार कोरोना भाइरसका संक्रमित बिरामीको संख्या बढ्दै गइरहेको छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार भारतमा संक्रमण बढेसँगै नेपालमा खुला सिमानाका कारणले आउने जाने भएकाले नेपाल पनि सजिलै संक्रमण भित्रिएकाले सीमा नाकामा कडाइ गर्न निर्देशन दिइसकेको जानकारी दिएको छ ।

# सरकारी चिकित्सकले निजी क्लिनिकमा नाम राख्न नपाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ चैत

अब सरकारी चिकित्सकले निजी क्लिनिकमा नाम प्रयोग गर्न नपाउने भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सरकारी सेवामा कार्यरत चिकित्सकहरुलाई निजी क्लिनिकमा नाम प्रयोग नगर्न निर्देशन दिएको हो । मन्त्रालयले एक सूचना निकाल्दै मातहतका चिकित्सकहरुलाई निजी क्लिनिकमा आफ्नो नाम प्रकाशित गर्ने गैरव्यवसायिक र अनैतिक कार्य नगर्न आग्रह गरेको छ ।

'स्वास्थ्य मन्त्रालय मातहतका विभिन्न अस्पतालमा कार्यरत चिकित्सकमध्ये केहीको नाम निजको स्वीकृतिरसहमति वा सहमतिबिना नै विभिन्न निजी क्लिनिकहरुमा प्रयोग गरिरहेको भन्ने विषय विभिन्न सञ्चार माध्यमहरुबाट आइरहेकोबारे मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ,' सूचनामा भनिएको छ । 'नेपाल स्वास्थ्य सेवा ऐन, २०५३, तथा नियमावली, २०५५, जनस्वास्थ्य सेवा ऐन २०७६ तथा नियमावली, २०७७, नेपाल मेडिकल काउन्सिल ऐन, २०२० तथा नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ को नियम २२ मा भएको चिकित्सकको आचारसंहिताको उल्लघंन हुने गरी कुनै पनि चिकित्सकहरुले निजी क्लिनिकमा आफ्नो नाम प्रकाशित गर्ने जस्ता गैर व्यावसायिक र अनैतिक कार्य गर्न नहुने व्यहोरा सम्बन्धित सबै चिकित्सकका लागि सूचित गरिन्छ', मन्त्रालयले अगाडि भनेको छ ।

# आगलागीबाट क्षति

**मध्यान्ह संवाददाता**
रौतहट, १५ चैत

रौतहटको गौर नगरपालिका ३ मचकुटियाको एक घरमा आगलागी भएको छ । आगलागीबाट करिब चार लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । प्रहरीकाअनुसार जिल्ला सदरमुकाम गौर-टिकुलिया सडकखण्डमा पर्ने मचकुटिया टोलस्थित चन्दन पासवानको घरमा खाना पकाइरहेको बेला आगलागी भएको हो ।

बुधबार साँझ साढे ६ बजेको समयमा लागेको आगो जिल्ला प्रहरी कार्यालयको टोली, स्थानीय र बारुणयन्त्रको सहयोगमा नियन्त्रणमा लिइएको थियो । यस्तै, बसपार्कदेखि करिब तीन सय मिटर भित्र सोवरनामाई मन्दिरस्थित गनेथी मियाँको कुखुरा फार्ममा आगलागी हुँदा करिब दश लाख रुपैयाँको क्षति भएको प्रहरीले जनाएको छ । बुधबार साँझ ग्यास सिलिन्डर विस्फोट भएर आगलागी भएको स्थानीयले बताएका छन् । फार्ममा लागेको आगो बारुणयन्त्रको सहयोगमा नियन्त्रण लिइएको थियो ।

### मिल्यो ...

पार्टीलाई एक/एक मन्त्रालय छुट्याइएको छ । प्रधानमन्त्री प्रचण्डले प्रभु साहलाई पनि एक मन्त्रालय छुट्याएका छन् ।

पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई र प्रभु साह माओवादी केन्द्रकै उम्मेदवार बनेर गत चुनावमा उम्मेदवार बनेका थिए । भट्टराई र साह माओवादी पृष्ठभूमिकै नेता हुन् । यसर्थ यसपटकको मन्त्रिपरिषद् बिस्तारमा माओवादी केन्द्रले कांग्रेसकै बराबरी मन्त्रालय पाउने देखिन्छ । प्रधानमन्त्रीलाई जोड्दा माओवादी केन्द्रको मन्त्रालय संख्या आठ पुग्नेछ । तर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सरकारमा ल्याउन तत्काललाई माओवादी केन्द्रले मन्त्रालय संख्या धेरै लिएको स्रोत बताउँछन् । ती स्रोतका अनुसार, रास्वपा सरकारमा आउँदा माओवादीले लिएको मन्त्रालय संख्या दिइनेछ । नाउपाले पनि तत्काल सरकारमा नजाने भनेकाले उक्त मन्त्रालय पनि माओवादीले लिने वा प्रधानमन्त्री आफैले राख्ने संभावना छ ।

तर, पछि त्यो मन्त्रालयमा नाउपाकै सांसद मन्त्री बन्नेछन् । 'अन्तिम निर्णय हुन बाँकी छ । प्रधानमन्त्रीले सबै दलसँग छलफल गरेर मन्त्रालय बाँडफाँडको प्रस्ताव ल्याउने भन्नुभएको छ', बुधबारको बैठकमा सहभागी सत्तारुढका एक नेताले भने । तर प्रधानमन्त्रीले ल्याउने प्रस्तावमा धेरै हेरफेर नहुने ती नेता बताउँछन् । प्रधानमन्त्री प्रचण्डले भने बुधबार नै मन्त्रिपरिषद् बिस्तार गर्ने तयारी गरेका थिए । लामो समयदेखि १६ मन्त्रालय नेतृत्वविहीन रहेकाले तत्काल केही मन्त्री नियुक्त गर्ने प्रचण्डको चाहना भएपनि सत्तारुढ नेताहरुले रोकेका छन् । विशेषगरी कांग्रेस सभापति शेरबहादुर देउवाले मन्त्रीका आकांक्षी व्यवस्थापन गर्न पनि एकैपटक मन्त्रिपरिषद् बिस्तार गर्न सुझाव दिएका थिए । त्यसैअनुसार, प्रधानमन्त्री प्रचण्डले आज दलहरुसँग छलफल गरेर मन्त्रिपरिषद्लाई पूर्णता दिने तयारी गरेका छन् ।

### आजदेखि...

आवेदन दिने आ-आफ्नो पालोको दिनमा युजर एक्टिभ गरिदिन आग्रह गरेको अरबिक पत्र लिएर बिहान साढे ११ बजेदेखि १२ बजेभित्रमा आवेदन दिनुपर्ने व्यवस्था मिलाइएको बताए ।

वैदेशिक रोजगार विभागमा हाल दर्ता रहेका ८ सय ८० मध्ये ६ सय ५० भन्दा बढी म्यानपावर कम्पनीले साउदी अरेबियामा कामदार पठाउने गरेका छन् । त्यसमध्ये हाल १ सय ६० भन्दा बढी म्यानपावर कम्पनीको साउदी आईडी नवीकरण नभएका कारण कामदार पठाउन पाएका छैनन् ।

संघको यसअघिका कार्यसमितिसहित वर्तमान कार्यसमितिले परराष्ट्र मन्त्रालयमार्फत दबाब दिँदै दूतावाससमक्ष आईडी नवीकरण गर्ने विषयमा तदारुकता देखाउन दूतावासलाई पटक-पटक आग्रह गर्दै आएको थियो । पटक-पटकका आग्रहपछि पनि समयमा आईडी नवीकरण नहुँदा कतिपयले म्यानपावर व्यवसायीले साउदी अरेबियामा एकलौटी कामदार पठाउन चाहने केही ठूला व्यवसायी दूतावासलाई अनुचित प्रभाव पारेर आफूहरूलाई काम गर्नबाट बञ्चित गराउने प्रपञ्च गरेकोसमेत आरोप लगाएका थिए । संघका अध्यक्ष भण्डारीले साउदी दूतावासको पछिल्लो सहमतिपछि सबै प्रकारका भ्रम र आशंकाहरू समाप्त भई सबै म्यानपावर कम्पनीलाई काम गर्ने अवसर सिर्जना भएको बताए ।

### पोर्चुगलमा...

राहदानी बनाउनुपर्ने र नवीकरण गर्नुपर्ने सबै पोर्चुगलवासी नेपालीलाई समय मिलाएर सेवा लिन दूतावासले आग्रह गरेको छ ।

### अनलाइन...

चालू आर्थिक वर्षको पाँच महिनामा ६ सय ६ उजुरी र ३२ करोड ३८ लाख ३१ हजार ठगी भएको देखिन्छ । त्यस्तै, ०७६/७७ र ०७७/७८ मा क्रमशः ६९ र ४० उजुरी परेकामा ६९ लाख ६५ हजार र दुई करोड ४५ लाख ६९ हजार ठगी भएको थियो ।

'प्रविधिमा पहुँच भएसँगै ठगीका सङ्ख्यामा पनि वृद्धि भएको छ, पैसासँग जोडिएको कारोबार अरूसँग संवाद गर्नुहुँदैन यसमा सरकारले पनि ठगी रोक्ने पहल गर्नु जरुरी छ', सूचनाप्रविधि विज्ञ पंकज जलनले भने । उनले उपहारको प्रलोभनमा परेर खाता नम्बर, नागरिकता नम्बर, जन्ममिति, राहदानी नम्बर वा सवारी चालक अनुमतिपत्रको नम्बरजस्ता विवरण अरूलाई नपठाउन अनुरोध पनि गरेका छन् ।

पछिल्ला दिनमा उक्त गिरोहले विभिन्न व्यक्तिलाई फ्रेन्ड रिक्वेस्ट पठाई फेसबुक म्यासेन्जर, ह्वाट्सएप, भाइबर, इमोमा भिडियो कल गर्ने, नग्न शरिर देखाउने र उक्त भिडियो रेकर्ड गरेर अर्को व्यक्तिलाई पनि अश्लील भिडियो बनाउन दबाव दिने गर्दछन् । अनि सोही भिडियो रेकर्ड गरेर पैसा माग्ने क्रम पनि झनै बढेको छ । उनीहरुले पैसा नदिने बताएमा सामाजिक सञ्जालमा भिडियो भाईरल गर्दिने धम्की समेत दिँदै आएका छन् । पछिल्ला दिनमा सामाजिक सञ्जाल, इसेवा-खल्तीजस्ता वालेट, अनलाइन बैंकिङ, क्रिप्टोकरेन्सी आदिका माध्यमबाट डिजिटल ठगी बढ्न थालेको छ । तरपनि, सरकारी निकायले ठगी नियन्त्रणका लागि चुस्त सरकारी संयन्त्र बनाउन नसक्दा सोझा सर्वसाधारणहरु एकपछि अर्को ठगीमा पर्न थालेका छन् । तसर्थ, सरकारी निकायले प्रविधिका माध्यमबाट हुने ठगी निरुत्साहित गर्न दक्षप्राविधिकको व्यवस्था गनुपर्ने आवाज उठ्न थालेको छ ।

**UAE मा रोजगार** | कम्पनी: **TRUE PATH GENERAL TRANSPORT**
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/१२/१५ | चलानी नं.: ६०१९९०४५ | L.T. No.:283564

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Heavy Truck Driver | 17 | 0 | सम्बन्धित काममा दक्ष | 3000 | १,०७,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Truck Driver | 14 | 0 | | 3000 | १,०७,१९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २३ गते (6 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1286/074/075

**FISHTAIL OVERSEAS PVT. LTD.**
PO Box No: 947, Samakhusi :-10, Kathmandu, Nepal
Tel : 01-4986382, 9816781435, E-mail : fishtailoverseas508@gmail.com

**Government of Sudurpashchim Province**
**Ministry of Physical Infrastructure Development**
## Water Supply and Sanitation Division Office
**Kailali**

## INVITATION FOR BID (IFB)

**( First date of publication: March 30, 2023 ( 2079 Chaitra 16))**

1. Water Supply and Sanitation Division Office, Kailali invites open competitive bidding from eligible bidders for the procurement of the following goods and works under National Competitive Bidding (NCB):

| S.N. | Contract ID | Description | Estimated Amount (Exclusive of VAT ) (NRs.) | Price of Bid Document (NRs.) | Bid Validity/ Bid Bond Validity | Bid Security/ Bid Bond (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | WSSDO/KAILALI/ NCB/GOODS/21/79-80 | Supply and Delivery of HDPE Pipes for Various Water Supply Projects of Kailali District | 17643900.98 | 3000 | 90/120 days | 500000 |
| 2 | WSSDO/KAILALI/ NCB/GOODS/22/79-80 | Supply and Delivery of HDPE Pipes for Various Water Supply Projects of Kanchanpur District | 17698883.98 | 3000 | 90/120 days | 500000 |
| 3 | WSSDO/KAILALI/ NCB/WORKS/23/79-80 | Construction of R.C.C. Over Head Tank 225 cu.m. of Sisaiya WSP | 10736198.38 | 3000 | 90/120 days | 310000 |

2. Bidders can only apply bid electronically through PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Lumbini Province Government**
## Road Infrastructure Development Office
**Gulmi, Nepal**

## Invitation for Bids

**IFB No:08/079-80**
**(First date of Publication: 16th Chaitra 2079(30th March, 2023)**

1. Road Infrastructure Development Office, Gulmi invites **only electronic bids** from eligible bidders for the construction of the contract mentioned in table below:

| S N | Name of Works | Contract ID | Turnover (Million) | Similar Nature (Million) | Bid Fee (Nrs.) | Bid Security Amount |
|---|---|---|---|---|---|---|
| 1. | Baletaksar Ring Road, Rurukshetra Ga Pa Gulmi | RIDO/GUL/W/NCB/ ROAD/97/079-80 | 90 | 60 | 10000 | 25,00,000 |
| 2. | Patan Khola Bridge Construction, (Along Pipaldhara-Samarbhomar-Bhanbhane Road, Dhurkot) | RIDO/GUL/W/NCB/ BRI/98/079-80 | 45 | 16 | 5000 | 10,00,000 |
| 3. | Mareng Khola Bridge Construction, (Along Savdhara, Nayagau, Pipaldhara Road) (Re) | RIDO/GUL/W/NCB/ BRI/99/079-80 | 39 | 13.5 | | 900,000 |

| SN | Name of Works | Contract ID | Amount Excluding VAT | Bid Fee | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1. | Upgrading of Nuwar-Kolchour-Kankedeurali Road, Madane GaPa (Re) | RIDO/GUL/W/NCB/ROAD/ 100/079-80 | 2,538,319.26 | NRs. 3000 Each Contract | 76,000 |
| 2. | Upgrading of Padthok-Dansing-Dadalka-Urleni-Chandrakot Road, Musikot Municipality | RIDO/GUL/W/NCB/ROAD/ 101/079-80 | 25,63,765.30 | | 76,000 |

2. Interested eligible bidders may obtain further information from Road Infrastructure Development Office, Gulmi or may visit E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp.

# नेपाल पत्रकार महासंघ ६८औं वर्षमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ चैत




नेपाली पत्रकारहरूको साझा संस्था नेपाल पत्रकार महासंघ स्थापनाको ६८ औं वर्षमा प्रवेश गरेको छ । महासंघले स्थापना दिवसको अवसरमा देशैभर र विश्वका विभिन्न स्थानमा छरिएर रहेका महासंघका सदस्यसहित आमनेपाली सञ्चारकर्मी र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूमा हार्दिक बधाईका साथै शुभकामना व्यक्त गरेको छ।

महासंघका अध्यक्ष विपुल पोखेलले एक विज्ञप्ति जारी गर्दै संस्थाको स्थापनाकालदेखि आजसम्म आइपुग्दा विभिन्न कालखण्डमा नेतृत्व प्रदान गर्ने अग्रजहरूप्रति उच्च सम्मान प्रकट गरेका छन् ।

यस्तै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको लडाइँका क्रममा तथा आफ्नो कर्तव्य निर्वाहका क्रममा साहदत प्राप्त शहीद पत्रकारहरूप्रति श्रद्धाञ्जली समेत व्यक्त गरिएको छ । यस्तै कोरोना माहामारीलगायत विभिन्न स्वास्थ्य समस्याले ज्यान गुमाएका पत्रकारहरूप्रति पनि अध्यक्ष पोखरेलले विज्ञप्तिमार्फत श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

'नेपाल पत्रकार महासंघले स्थापनाकालदेखि नै नेपालमा श्रमजीवी पत्रकारको हक, हित र अधिकार तथा स्वतन्त्र पत्रकारिताको संस्थागत विकासका साथै राष्ट्रियता, लोकतन्त्र एवं नागरिक अधिकारका लागि अहम् भूमिका खेल्दै आएको छ । यसमा हाम्रा अग्रजहरूको योगदान र महासंघको गौरवपूर्ण इतिहासप्रति महासंघ केन्द्रीय समिति गर्व गर्दछ' विज्ञप्तिमा भनिएको छ, 'आगामी दिनमा पनि जस्तोसुकै प्रतिकूल अवस्थामा पनि अग्रजहरूले देखाएको मार्गबाट रत्तिभर विचलित नभई महासंघको उद्देश्य हासिल गर्न अझ सशक्त रूपमा लागिरहनुपर्ने आवश्यकताप्रति म यस अवसरमा सम्बन्धित सबैको ध्यानाकर्षण गराउन चाहन्छु ।'

महासंघले भनेको छ,'नेपालकै पहिलो लोकतान्त्रिक चरित्रको नागरिक संस्था नेपाल पत्रकार महासंघ हो। यो संस्थाले आफूलाई समावेशी र सबैभन्दा पहिले संघीय ढाँचामा जाने संस्थाका रूपमा प्रस्तुत गरेको छ । यो हाम्रो गौरवको विषय हो । अब पनि समयानुकुल हुँदै समसामयिक सवालमा प्रभावकारी नेतृत्व गर्ने संस्थाका रूपमा महासंघलाई अगाडि बढाउने दायित्व आफ्नो माझमा रहेको छ ।' अहिले मुलुक आर्थिक संकटमा छ । यसको असरले नेपालको पत्रकारिता क्षेत्रमा पनि परेको छ। यो अवस्थामा मुलुकको आर्थिक संकट निवारणका लागि मिडियाले पनि आफ्नोतर्फबाट भूमिका खेल्नुपर्ने महासंघले विज्ञप्तिमार्फत उल्लेख गरेको छ ।

महासंघले भनेको छ, 'आर्थिक संकटले पारेको यो असरलाई आवश्यक रणनीति निर्माण गरेर सम्बोधन गरेर श्रमजीवी पत्रकारको पेशागत अधिकार स्थापित गर्दै संचार संस्थाहरूको सवलीकरणको दिशामा काम गर्ने प्रमुख दायित्वका साथ यतिबेला हामी अगाडि बढ्न जरुरी देखिएको छ । यसका लागि राज्यको अभिभावकीय भूमिका आवश्यक पर्दछ ।'

# बझाङमा देखियो दादुरा

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, १५ चैत

बझाङमा दादुरा रोग देखा परेको छ । जिल्लाको थलारा गाउँपालिकामा २ जनामा दादुरा रोग देखा परेको हो । थलारा गाउँपालिका वडा नम्बर २ भनाडाका ३२ महिनाका एक बालक र डोटीको सायल गाउँपालिका छपालीकाबाट आएका ३६ महिनाका अर्का बालकमा दादुरा रोग देखा परेको थलारा गाउँपालिका स्वास्थ्य शाखाले जनाएको छ ।

बुधबार स्वास्थ्य शाखाले आयोजना गरेको खोप सम्बन्धी कार्यक्रममा बोल्दै स्वास्थ्य शाखा प्रमुख पदमबहादुर ओलीले नमुना जाँचका लागि सरुवारोग महाशाखामा पठाउँदा दुई बालकमा दादुरा रोग पुष्टि भएको जानकारी गराए। उनले भने, 'दुई हप्तासम्ममा थप बिरामी भेटिएका छैनन्, थप बिरामी देखापरे महामारी फैलिने सम्भावना छ । त्यो अवस्थामा गाउँपालिका वडा नम्बर १ र २ मा दादुरा रोगविरुद्धको खोप सञ्चालन गर्नुपर्ने छ ।' दादुरा रोगीमध्ये १ जनाले १ मात्रा दादुराविरुद्धको खोप लिएका थिए भने अर्का बिरामीले खोप नै नलिएको भेटिएको स्वास्थ्य शाखा प्रमुख ओलीले जानकारी दिए ।

दादुरा भाइरसमार्फत लाग्ने रोग हो। यसको निवारण गर्न खोप लगाउनुपर्छ। नेपाल सरकारले सन् २०२३ मा नेपालबाट दादुरा रोग निवारण गर्ने लक्ष्य लिएपनि थलारा गाउँपालिकामा दादुरा रोग देखिनु दुर्भाग्य भएको प्रमुख ओलीको भनाइ छ ।

# टेलिमेडिसिन सेवा शुरु

काठमाडौं/रासस- वैदेशिक रोजगार बोर्डले बुधबारदेखि वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि टेलिमेडिसिन सेवा शुरु गरेको छ । वैदेशिक रोजगारीमा रहेका श्रमिकको स्वास्थ्य समस्या सम्बोधनका लागि चिकित्सकको टोलीसहित टेलिमेडिसिन सेवा शुरुवात गरिएको बोर्डले जनाएको छ । सार्वजनिक बिदाको दिनबाहेक नेपाली कार्यालय समयमा सेवा प्रवाह हुने बोर्डले जनाएको छ ।

विदेशमा रहेका नेपालीले ९८५१३४५७०१ र ९८५१३४५७०२ नम्बरमा भाइवर, ह्वाट्सएप वा इमोलगायतको माध्यममार्फत सम्पर्क गरेर आफ्नो स्वास्थ्य समस्या राख्न सक्ने जनाइएको छ । फोन तथा अन्य माध्यमबाट श्रमिकले राखेका समस्या सुन्न र समाधान गर्नका लागि मेडिकल अधिकृत खटिएका वैदेशिक रोजगार बोर्डले जनाएको छ ।

बोर्डका अनुसार वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई गन्तव्य देशमा भाषा र अन्य विविध समस्याका कारण बिरामी पर्दा सामान्य परामर्श लिन पनि समस्या भइरहेको भन्दै आफ्नै देशमा फोन गरेर आफ्नो स्वास्थ्य समस्या राख्ने व्यवस्था गरिएको छ ।

बिरामी श्रमिकलाई थप विशेषज्ञ सेवा आवश्यक परेमा मेडिकल अधिकृतको सिफारिसमा हरेक आइतबार र शुक्रबार विशेषज्ञ सेवासमेत उपलब्ध गराइने बोर्डले जानकारी दिएको छ। आइतबार र शुक्रबार धेरैजसो गन्तव्य देशमा सार्वजनिक बिदा पर्ने भएकाले पनि यस दिन विशेषज्ञ सेवा उपलब्ध गराइने वैदेशिक रोजगार बोर्डले जनाएको छ ।


## मलेशियामा रोजगार
**BU FARMS SDN BHD, SELANGOR**
पुर्व स्विकृति मितिः २०७९।१२।१५ चलानी नं. ६०१९९०३७ LT No. 283591

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture | 60 पुरुष | काममा दक्ष | 1500 | 44669 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०७९ चैत्र २३ गते (6 April 2023) हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः ० श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१

**सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.**
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०

## मलेसियामा रोजगार |
१. कम्पनी: **IKAGU FURNITURE SDN BHD**
शहर: Malaysia,JOHOR
पूर्व स्वीकृत मितिः २०७९/०५/०८ चलानी नं.: ६०१८६०६४ LT. No.: 270151 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 45 | 0 | स. काममा दक्ष | 1500 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २३ गते (6 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Frontline Recruitment Pvt. Ltd.**
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८

## Malaysia मा रोजगार
**Long Farm Meat Sdn. Bhd.**
पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/०७/२३ चलानी नं. ६०१९०८६० LT No. : 275063

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | साधारण | 1500 | 83,५8५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले दिने | हुने / प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २३ गते (6 April 2023) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.**
महांकाल, बौद्ध, काठमाडौं, फोनः ०१-५२१००५७


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७६/०८/३० मा दर्ता भएको **प्रा.लि. नं. २३०४१९** को **प्रन्जना सप्लायर्स एण्ड फुड हाउस प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०६/०७ मा दर्ता कायम भएका **फोरेक्स एजुकेशनल कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. ५६४६६** लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/१२/१५ गतेमा सम्पन्न संचालक समितिको निर्णय बमोजिम यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरका कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

### लामोदुरीको बसपार्क भित्र रहेको चार तले टर्मिनल भवन (भुँईतला सहित) बहालमा दिने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।१२।१६**

यस कोहलपुर नगरपालिकाको लामोदूरीको बसपार्क सञ्चालन गर्ने कार्यका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुने गरि उक्त बसपार्क भित्र रहेको टर्मिनल भवन (Shoping mall) (भुँईतला सहित चारतले भवन) सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजिनक खरिद नियमावली २०६४ र कोहलपुर बसपार्क व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम प्रतिस्पर्धात्मक रुपमा आय ठेक्काको बोलपत्र पेश गर्ने सम्बन्धी सूचना ।

**तपशिल**

| क्र.सं. | भवनको तला | एकमुष्ठ प्रतिवर्ष न्यूनतम मूल्य | धरौटी राख्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १. | टर्मिनल भवन (Shoping mall) | रु १,७४,६५,०४०। | २०,००,०००। | दरभाउ पत्र खरिद रु ३०००। फिर्ता नहुने गरी |

- उल्लेखित टर्मिनल भवन खुला प्रतिस्पर्धात्मक रुपमा एकमुष्ठ सिङ्गो भवन फर्म वा व्यवसायले मात्र प्रस्ताव पेश गर्न पाउने । यसरी प्रस्ताव पेश गर्नेले अर्को व्यक्ति वा फर्मलाई कुनै पनि तरिकाले भाडामा लगाउन नपाउने ।
- उल्लेखित टर्मिनल भवन (Shoping mall) (भुँईतला सहित चारतले भवन) खुला प्रतिस्पर्धात्मक रुपमा फर्म वा व्यवसायले प्रस्ताव पेश गर्न पाउने । यसरी प्रस्ताव पेश गर्नेले अर्को व्यवसाय वा फर्मलाई कुनै पनि तरिकाले भाडामा लगाउन नपाउने ।
- बोलपत्र अनलाईन प्रक्रिया (E–bidding) बाट मात्र पेश गर्न सकिने र सो सम्बन्धी विस्तृत जानकारी कोहलपुर नगरपालिकाको वेवसाईट www.kohalpurmun.gov.np वा www.bolpatra.gov.np बाट लिन सकिनेछ ।
- धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा नगदै जम्मा वा कम्तिमा १२० दिन समयावधिको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्ने छ ।
- बोलपत्र खरिद रकम कोहलपुर नगरपालिकाको आन्तरिक राजश्व खाता नं ०७२०५०१०००२३५३६५ मा दाखिला गरि सक्कलै भौचर बुझाउनु पर्नेछ ।
- बोलपत्र खरिद तथा पेश गर्ने मिति र समय : २०८०।०१।१७ साँझ १२:०० बजे सम्म ।
- बोलपत्र खोलिने मिति र समय : २०८०।०१।१७ गते दिउसो १:०० बजे ।
- पेश गर्नुपर्ने कागजातहरुः फर्म वा व्यवसायका कागजातहरु (करचुक्ता, व्यवसाय दर्तानविकरण समेत)
- सूचनामा उल्लेख नभएका शर्तहरु प्रचिलित कानून तथा कोहलपुर नगरपालिकाको निर्णय अनुसार हुनेछन ।

## मायादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बरेवा, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७९।१२।१६**

यस कार्यालयको सूचना नं. 02/MRMUN/WORKS/2079–80 को मिति २०७१/११/०८ मा e–GP II System मार्फत आव्हान गरिएको तपशिलमा उल्लेखित निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरुबाट प्राप्त आर्थिक एवं प्राविधिक प्रस्तावहरु मध्ये खोलिएका प्राविधिक प्रस्तावहरु बोलपत्र मुल्याङ्कन समितिबाट मुल्याङ्कन सम्पन्न भई मिति २०७९।१२।१४ को निर्णय अनुसार तल उल्लेखित प्रस्तावदाताहरुका प्राविधिक प्रस्तावहरु सारभूतरुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) को उपनियम ५ बमोजिम निम्नानूसारको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मिति** : **२०७९।१२।२३ गते, बिहिवार,**
**समय** : **दिनको ११:०० बजे**
**स्थान** : **मायादेवी गाउँपालिकाको कार्यालय, बरेवा, रुपन्देही**

| सि.नं | IFB No. | Contract ID | प्राबिधिक प्रस्ताब सारभूतरुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताको नामावली |
|---|---|---|---|
| १ | 02/MRMUN/ WORKS/2079–80 | 02/MRMUN/ WORK/2079–80 | M/s Arjun Builders and Construction Pvt. Ltd. |
| | | | M/s Maa Gayetri Nirman Sewa |

**प्रमुख प्रशासकीय अधिकृत**




मध्यान्ह
www.madhyanhadaily.com
१६ चैत २०७९, बिहीबार
30 March 2023, Thursday

## सम्पादकीय

# मन्त्रिपरिषद् समावेशी बनाऊ

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आज मन्त्रिपरिषद्लाई पूर्णता दिने तयारी गरेका छन् । गत १० पुसमा प्रधानमन्त्री बनेका प्रचण्डले सुरूमा मन्त्रिपरिषद्लाई समावेशी बनाउने प्रयास गरेका थिए । नेकपा एमाले र राप्रपा सम्मिलित मन्त्रिपरिषदमा ६ जना महिला मन्त्री थिए । परराष्ट्रमन्त्री, सञ्चारमन्त्री, कृषिमन्त्री, पर्यटन राज्यमन्त्री, स्वास्थ्य राज्यमन्त्रीमा महिला थिए । सञ्चारमन्त्री रेखा शर्मा अहिले पनि बहाल छिन् । एमाले समेतको सरकारमा ४० वर्षमुनि चार, ४१–५० वर्षका सात, ५१–६० र ६१–७५ वर्षका ६/६ जना मन्त्री थिए । भूगोलका दृष्टिमा मन्त्रिपरिषदमा भोजपुर, चितवन, काठमाडौं, गोरखाका दुई/दुई जना थिए । कोशी प्रदेश, बागमती र लुम्बिनीको वर्चस्व रहँदा मन्त्रिपरिषदमा कर्णालीको उपस्थिति शून्य थियो । कर्णालीको उपस्थिति शून्य भएकै कारण प्रचण्डले आलोचना पनि खेपेका थिए ।

तुलनात्मक रूपमा समावेशी बनाउन खोजिए पनि पूर्ण समावेशी हुन नसकेको अघिल्लो गठबन्धनको मन्त्रिपरिषद् सदस्यहरू गठबन्धन फेरिए सँगै फेरिँदैछन् । सात दलीय गठबन्धनको जगमा प्रधानमन्त्री बनेका प्रचण्ड नेतृत्वको सरकारमा पुरानो गठबन्धनमा रहेका दल समेत जोडिएर १० दलीय गठबन्धन बनेको छ । १० दलीय गठबन्धनको जगमा सरकार टिकाएका प्रधानमन्त्री प्रचण्डले नयाँ समीकरण अनुसार भागवण्डा मिलाएर आफू नेतृत्वको मन्त्रिपरिषदलाई पूर्णता दिँदैछन् । विगतका गरेको प्रयासलाई अझ बलियो रूपमा स्थापित गर्ने र आफू नेतृत्वको मन्त्रिपरिषदलाई समावेशी बनाउने अवसर प्रधानमन्त्री प्रचण्डलाई छ । फेरि प्रचण्डको पृष्ठभूमिका कारणले पनि समावेशी मन्त्रिपरिषद् बनाउनु उनको दायित्व हो । तत्कालीन राज्य असमावेशी भएको भनेरै प्रचण्डले १० वर्षे शसस्त्र युद्धको नेतृत्व गरेका थिए । त्यही शसस्त्र संघर्ष समेतको बलमा मुलुकमा स्थापित भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले पनि समावेशी राज्य व्यवस्थाको कल्पना गरेको छ ।

तर गत चुनावपछि भएका ठूला नियुक्तिहरू असमावेशी बन्न पुगेको छ । राष्ट्रपति र उपराष्ट्रपति दुवै पुरुष हुँदा सत्ता गठबन्धनको चर्को आलोचना भएको छ । प्रधानमन्त्री, सभामुख र सातै प्रदेशका मुख्यमन्त्री लगभग एउटै समुदायका पुरूष छन् । राष्ट्रियसभाका अध्यक्ष गणेश तिम्सिना भएकाले अझ राज्य संयन्त्रका प्रमुखहरू थप असमावेशी बन्न सहयोग पुगेको छ । अरू संवैधानिक निकायका प्रमुखहरू पनि पुरुष र त्यसमा पनि खसआर्य समुदायका मात्रै छन् । यसैबेला पहिचानका आधारमा प्रदेशको नामाकरण हुन नसकेको भनेर कोशी प्रदेशमा आन्दोलन भइरहेको छ । तसर्थ, अहिलेको आलोचना न्यून बनाउन पनि प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद्लाई समावेशी बनाउनु उचित हुनेछ । त्यो भनेको संवैधानिक परिकल्पनाको कार्यान्वयन पनि हो ।

# अर्गानिक कृषि प्रणालीको खोजी

अग्रलेख



● डा.सुमनकुमार रेग्मी



देशले कृषिजन्य वस्तु बढाउने लक्ष्य लिए पनि त्यसअनुसार मल तथा रासायनिक पदार्थ पर्याप्त वितरण गर्न सकेको देखिँदैन् । भनिन्छ कि कृषिको अत्याधिक उत्पादनका लागि वार्षिक सात लाख टन रासायनिक मल आवश्यकता परेको देखिन्छ । तथापी चारदेखि पाँच लाख टन मल वितरण गर्न सके अभाव हुँदैन् । तर, विगत पाँच वर्षलाई हेर्दा, कुनै पनि वर्ष चार लाख टन मल पनि वितरण भएको देखिँदैन् ।

नेपालका केही जिल्लामा किसान विभिन्न थरीका मौषमी वनस्पतिको प्रयोगबाट बालीनालीको लागि प्राङ्गारिक जैविक विषादी उत्पादन तथा प्रयोग गर्दै आएका देखिन्छन् । यस्ता वनस्पतिबाट बनाइने जैविक विषादी खेतमा तथा बारीमा हुने बालीमा लाग्ने किरा मार्न प्रयोग हुँदै आएको अरु जिल्लाका लागि उदाहरणीय हुन गएको छ । यस्तो जैविक विषादी बनाउन रासायनिक विषादीभन्दा कम खर्च लाग्ने देखिएको छ । यस्तो जैविक विषादीको प्रयोगले हानी नपुग्ने भनिएको छ । पछिल्ला समय नसर्ने रोगको मुख्य कारणका रूपमा पनि घातक विषादीको प्रयोग भएको भन्ने तथ्य भेटिएपछि किसानले पनि जैविक विषादीको प्रयोग बढाउँदै आएका छन् ।

विभिन्न अन्न बालीमा पनि रासायनिक मलको सट्टा जैविक मलको प्रयोग बढ्दै आएको छ । जैविक विषादीले तथा मलको प्रयोगबाट अर्गानिक बालीनालीको उत्पादन गरी कृषि पर्यटनको अवधारणा बढ्दै गएको देखिन्छ । विभिन्न जिल्लामा रासायनिक मल जस्तै युरिया, डिएपीलगायतका विकल्पमा किसानले कम्पोष्ट तथा प्राङ्गारिक मल बनाएर प्रयोग गर्दै आएका छन् । जिल्ला-जिल्लाका किसानले रासायनिक मलको प्रयोग घटाएर लगेका छन् । रासायनिक मलले माटोको उर्वरा शक्ति कम गर्ने, उत्पादन घट्दै गइरहेको, कृषक तथा उपभोक्ताको स्वास्थमा पनि प्रतिकूल असर पारिरहेकोले त्यसलाई निरुत्साहित पार्न सरकारी सहयोगमा प्राङ्गारिक मल कारखाना खुल्दै आएका छन् ।

२०६८ सालदेखि देशमा कम परिमाणमा धुलो प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन गर्दै आएको भनिए पनि त्यस्ता उत्पादनको प्रयोग भएको देखिँदैन । यसलाई आवश्यक केही सामाग्री उपलब्धमा सहयोग गराएको पनि देखिन्छ । कुनै जिल्लामा त किसानले हरियो मल उत्पादन गरी आफुलाई परिचीत गराउँदै आएका छन् । लेग्युमेनेसी परिवारको झारको गिर्खामा राइजोबिम नामक ब्याक्टेरिया हुने र यसले बायुमण्डलमा भएको नाइट्रोजन माटोमा सञ्जित गर्ने काम गर्दछ । नाइट्रोजनले उत्पादन बढाउन भूमिका खेल्ने कार्य गर्दछ ।

### रासायनिक मलको अभाव

